**Academic Voices**
**A Multidisciplinary Journal**
**Volume 5, No. 1, 2015**
**ISSN 2091-1106**

# स्रोत केन्द्रको सम्पादित भूमिका : एक घटना अध्ययन

**मातृका प्रसाद कोइराला**
शिक्षा  शिक्षण विभाग, त्रि.वि., ठाकुर राम बहुमुखी क्याम्पस वीरगन्ज, नेपाल
E-mail: koiralamatika@gmail.com

**सार**

*प्रस्तुत लेखमा स्रोत केन्द्रको अवधारणा, शैक्षिक गुणस्तर वृद्धिमा यसको भूमिकाको विश्लेषण गरिएको छ। स्रोत केन्द्रले योजनाहरु बनाउने, बनाउन लगाउने तर  कार्ययोजना अनुसार कार्य प्रगति भए नभएको अनुगमन नगर्ने, तथ्याङ्क संकलन र त्यसको विश्लेषण गर्ने तर अभिलेख व्यवस्थित तथा वैज्ञानिक नराख्ने। विभिन्न तालिम सञ्चान गर्ने, तालिमबाट प्राप्त सिप प्रयोगमा आए नआएको नहेर्ने, आवश्यक पृष्ठपोषण पनि नदिने। यसले गर्दा स्रोत केन्द्रले प्राविधिक तथा प्राज्ञिक निकायको रुपमा भूमिका निभाउनु पर्नेमा सो हुन सकेको छैन। स्रोत केन्द्र प्रशासनिक भूमिकामा बढी केन्द्रित छ।*

**मुख्य शब्दहरू**
स्रोत केन्द्र; पुनर्ताजगी तालिम; कार्यदक्षता; अनुसन्धान; नवप्रवर्तनात्मक कार्य

## परिचय

स्रोत केन्द्र भन्नाले स्रोतहरुको सम्पूर्णरुपले व्यवस्था र सञ्चालन गर्ने केन्द्र भन्ने बुझिन्छ। शैक्षिक व्यबस्थापनमा स्रोत केन्द्र भन्नाले निश्चित भौगोलिक क्षेत्रमा अबस्थित विद्यालयहरुको समूह (Cluster of school) को केन्द्र जसमा शिक्षकको कार्यदक्षता र सिप विकासमा सहयोग पुऱ्याउने, शैक्षिक सामग्रीको विकास गर्ने, शिक्षक तथा विद्यालयलाई आवश्यक सहयोग पुऱ्याउने काम हुन्छ। शिक्षक तालिम, पुनर्ताजगी तालिम, समूह विद्यालयका प्र.अ. तथा शिक्षकसँग शिक्षण र व्यबस्थापनका मुद्दाहरुमा छलफल गराउने काम पनि स्रोत केन्द्रले गर्दछ। यसबाट आपसी अनुभव आदान प्रदान हुने र सामुहिक समस्या समाधान हुन्छ साथै विद्यार्थीहरुको शैक्षिक उपलब्धी बढाउन सहयोग पुग्छ (Khaniya, 2007)।

शिक्षक स्रोत केन्द्रको अबधारणा बेलायतबाट सुरु भएको मानिन्छ। सन् १९६० को  दशकमा शिक्षकको पेशागत विकास तथा स्रोतहरुमा पहुँच पुऱ्याउने उद्देश्ले यसको स्थापना गरिएको थियो। नेपालको शिक्षा प्रणालीमा स्रोत केन्द्रको अवधारणा विदेशी सहयतासँगै भित्रिएको हो। सेती परियोजना (२०३८) ले यो अवधारणा ल्याएको हो। सेती परियोजनोले प्राथमिक तथा प्रौढ शिक्षाको गुणात्मक पक्षमा जोड दिएको थियो। यसको लागि स्रोत केन्द्रको व्यबस्था गरिएको थियो। स्रोतकेन्द्रले समेट्ने सबै विद्यालयहरुको समूहलाई क्बतर्भीष्तिभ क्अजययकि भनिन्थ्यो। यस्ता विद्यालयका शिक्षक तथा अन्य व्यक्तिहरुको लागि तालिम सञ्चालन गर्ने, समूह विद्यालयको निरीक्षण गर्ने, सामुदायिक विकास सम्बन्धी  क्रियाकलाप सञ्चालन गर्ने, सिकाइ तथा शैक्षिक सामग्री निर्माण गर्ने आदि कार्य स्रोत केन्द्रले गर्दथ्यो (मल्ल र अन्य, २०५४)। प्राथमिक शिक्षा परियोजना (२०४१) ले पनि स्रोत केन्द्रको अवधारणालाई आत्मसाथ गरेको थियो। यो परियोजना सेती परियोजनाको अनुभबको आधारमा तयार गरी झापा, धनकुटा, तनहुँ, कास्की, दाङ

र सुर्खेतमा लागू गरिएको थियो। यस परियोजना अन्तरगत स्रोत केन्द्रले योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने र सुपरिवेक्षण गर्ने जस्ता कार्यहरु गर्दथ्यो। दुवै परियोजनामा स्रोत केन्द्रले गर्ने काम उस्तै भए पनि सञ्चालनमा भिन्नता थियो। सेती परियोजनाले खास एकजनालाई स्रोत व्यक्ति नियुक्त गर्दैनथ्यो। विद्यालयलाई नै सम्पूर्ण कामको जिम्मेवारी दिई माध्यमिक शिक्षकले पाउने मासिक तलब विद्यालयलाई दिन्थ्यो। प्राथमिक शिक्षा परियोजनाले एक माध्यमिक शिक्षक सरहको व्यक्तिलाई स्रोत व्यक्ति नियुक्त गरी उसैबाट सबै काम गराउँदथ्यो (राष्ट्रिय शिक्षा आयोग, २०४९)।

वि.सं.२०४९ मा विभिन्न दातृमुलुक तथा संस्थाहरुको ऋण सहायता र अनुदान सहायतामा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना सुरु भएको थियो। यो सेती परियोजना र प्राथमिक शिक्षा परियोजनको परिमार्जित रुप थियो। यो परियोजना दुई चरणमा लागू भएका थियो। २०५६ सालबाट दोस्रो चरण सुरु भएका थियो। प्राथमिक शिक्षामा गुणात्मक वृद्धि गर्ने, प्राथमिक शिक्षामा समान अवसर वृद्धि गर्ने र शैक्षिक व्यबस्थापनमा सुधार ल्याउने उद्देश्यले यो परियोजना सञ्चालन गरिएको थियो (ढकाल र कोइराला, २०७१)। यी उद्देश्य प्राप्तिको लागि स्रोत केन्द्रलाई स्थानीय तहको कार्य सञ्चालन गर्ने प्रमुख अङ्गको रुपमा लिइएको थियो ।

शिक्षा विभागको स्थापना पश्चात् २०५९ सालमा स्रोत केन्द्र विकास निर्देशिका जारी गरी स्रोत केन्द्रलाई थप दायित्व दिई व्यबस्थित गरियो। सबैका लागि शिक्षा कार्यक्रम (२००१-२०१५) र विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) मा पनि स्रोत केन्द्रको आबश्यकता महसुस गरियो। विद्यालय क्षेत्र विकास कार्यक्रम (२०१६-२०२२) को अवधारणा पत्रमा पनि स्रोत केन्द्रको आवश्यकता महसुस गरिएको छ। सानतोना मेमोरियल एकेडेमीले सन् २०११ मा गरेको अध्ययनमा नेपालमा १०५३ स्रोत केन्द्र उल्लेख छ तर शिक्षा मन्त्रालयले २०६९ सालमा प्रकाशन गरेको शैक्षिक सूचनामा नेपालमा कूल १०९१ स्रोत केन्द्र तोकिएकोमा १०५३ सञ्चालनमा रहेको उल्लेख छ (शिक्षा मन्त्रालय, २०६९)। शिक्षा प्राप्तिमा सहजता, गुणस्तरमा अभिवृद्धि तथा व्यबस्थापनलाई सुदृढ गर्ने कार्यमा स्रोत केन्द्रले भूमिका खेल्दै आएको छ। विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) विद्यालय शिक्षालाई गुणस्तरीय बनाउने हेतुले ल्याइएको थियो। यसलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याउन नसक्नाको कारण नाम परिवर्तन गरी विद्यालय क्षेत्र विकास कार्यक्रम (२०१६-२०२२) नाम दिएर शिक्षा क्षेत्रमा नयाँ योजना ल्याउने प्रयास भइरहेको छ (शिक्षा मन्त्रालय, २०७२)।

नेपालको अन्तरिम संबिधान २०६३ को भाग ३ धारा १७ मा शिक्षा तथा संस्कृति सम्बन्धी हकको व्यबस्था छ। यसै धाराको उप धारा (१) मा मातृ भाषामा आधारभूत शिक्षा पाउने र धारा (२) मा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक सुनिश्चित गरेको छ (अन्तरिम संविधान, २०६३)। नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा 'सबैको लागि शिक्षा' प्रति प्रतिबद्धता जनाएको छ। त्यसैले आधारभूत शिक्षालाई प्राथमिकता दिएको छ। शिक्षामा पहुँच बिस्तार, सहभागिता बृद्धि र गुणस्तरीय प्राथमिक शिक्षामा जोड दिएको छ। यसका लागि स्रोत केन्द्रले महत्वपूर्ण भूमिका खेल्नु पर्छ। स्रोत केन्द्रले शैक्षिक विकासमा स्थानीय मानवीय तथा भैतिक स्रोतको परिचालन र प्रयोग पूर्णरुपमा गर्न सकेको छैन। विद्यालय तथा समुदायमा सचेतना कार्यक्रम सञ्चालन गर्न सकेका छैन। तथाङ्क संकलन केन्द्रको रुपमा काम गरेको, स्रोत केन्द्रको रुपमा काम गर्न सकेको छैन तर पनि स्रोत केन्द्रलाई दिन प्रतिदिन कार्य बोझ थपिँदै गएको छ (Santona Memorial Academy, 2011)। स्रोत केन्द्रको भूमिका शिक्षकको पेशागत विकास भन्दा पनि प्रशासनिक बढि भयो। यसको स्वामित्व, जिम्मेवारी र दिगोपनामा ठूलो समस्या छ (CERID, 2004 )।

स्रोत केन्द्र शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने तल्लो स्थानीय निकाय हो। शिक्षालाई गुणस्तरीय बनाउन स्रोत केन्द्रको महत्वपूर्ण भूमिका हुँदा हुँदै पनि एकातिर शिक्षकले प्रयाप्त तालिम पाउन सकेका छैनन् भने तालिम प्राप्त शिक्षक आफूले प्राप्त गरेको सिप, दक्षता व्यबहारमा उतार्न सकिराखेका छैनन्। स्रोत केन्द्रले स्रोत केन्द्र भित्र स्थानीय स्रोतहरुको न्यायोचित वितरण, विद्यालय सुधार योजना निर्माण, भौतिक सुधार, शैक्षिक जागरण कार्यक्रम सञ्चालन, समुदाय परिचालन, शैक्षिक सूचना प्रबाह, शिक्षकको पेशागत विकास तालिम, पाठयक्रमको प्रबोधिकरण गर्ने कार्य गर्दै आएको भए पनि यसको सम्पादीत भूमिकामा प्रश्न खडा हुँदै आएको छ। खासगरी स्रोत व्यक्तिको कार्यबोझ बढि भएको, सहजकर्ता भन्दा प्रशासनिक भूमिकामा अल्झेको, स्रोत केन्द्रलाई सुबिधा सम्पन्न गर्न नसकिएको, स्रोत व्यक्तिले पाउने सुबिधा बृद्धि गर्न नसकिएको, सिमित साधन स्रोतमा काम गर्नु परेको अबस्था छ। त्यसैले स्रोत केन्द्रको

कार्यसम्पादन अबस्थाको अध्ययन महत्वपूर्ण छ।

शैक्षिक गुणस्तरको मुद्दा अगाडि आउँदा शैक्षिक सेवा प्रवाह संस्थाको कार्य सम्पादन स्तरको परिक्षण हुनु पर्छ भन्नु नाजायज नहुनसक्छ। कार्य सम्पादनको अध्ययनले शिक्षा प्रवाह गर्ने संस्था तथा निकायलाई आ नो कार्य सम्पादनको स्वमूल्याङ्कन गर्न र कार्य सम्पादन क्षमता अभिवृद्धि गर्न मद्दत गर्दछ। माथिल्लो निकायलाई मातहतका निकाय तथा संस्थाहरुको कार्य सम्पादन अवस्थाको अनुगमन, निरीक्षण गरी ती निकाय, संस्थाहरुलाई पृष्ठपोषण दिई कार्य सम्पादन स्तर माथि उठाउन सहज हुन्छ। केन्दिय निकायहरुलाई नीति निर्माण र परिमार्जन गर्न कार्य सम्पादन अध्ययन प्रतिवेदनले अवश्य मद्दत गर्छ। यस अध्ययनको मुख्य उद्देश्य परिक्षणबाट प्राप्त सूचनाहरु सम्बन्धित सरोकारवाला निकाय तथा संथाहरु समक्ष प्रस्तुत गरी ती निकायहरुलाई आ-आ नो कार्यक्षमता अभिवृद्धि गर्न पृष्ठपोषण दिनु र माथिल्ला निकायहरुलाई नीति निर्माणमा सुधार गर्न, त्यसको कार्यान्वयनको अनुगमन र निरीक्षणको लागि आधार प्रदान गर्नु रहेको छ।

## अध्ययन विधि

यो अध्ययन गुणात्मक ढाँचामा गरिएको थियो। अध्ययनको लागि पर्सा जिल्लाको बीरगन्ज उप म.न.पा. वडा नं. १४ मा अवस्थित श्री नेपाल राष्ट्रिय विद्यापिठ उच्च माध्यमिक विद्यालय स्रोत केन्द्रलाई उद्देश्यमूलक नमूना छनोट विधिबाट छानिएको थियो। स्रोत व्यक्ति, स्रोत केन्द्र व्यबस्थापन समितिका अध्यक्ष, स्रोत केन्द्र भित्रका प्रधानाध्यापकहरु र शिक्षकहरु, जिल्ला शिक्षा कार्यालयका सहायक जिल्ला शिक्षा अधिकारीसँग प्रश्नावली, अन्तरवार्ता, लक्षित समूह छलफल, सहभागितामूलक अवलोकन जस्ता साधन प्रयोग गरी सूचना संकलन गरिएको छ।

## नतिजाको विश्लेषण

अध्ययनको कममा प्राप्त सूचनाहरुलाई निम्न शीर्षकमा राखी विश्लेषण गरिएको छ :

(क) *शैक्षिक योजना निमार्ण, कार्यान्वयन र अनुगमन :* स्रोत केन्द्रले आफ्नो क्षेत्र भित्रका सबै विद्यालय, सार्वजनिक अध्ययन केन्द्रको सहभागितामा वार्षिक कार्ययोजना, मासिक कार्ययोजना, विद्यालयसुधार योजना (SIP) र स्रोत केन्द्र सुधार योजना (RCIP) निमार्ण गरी गराएको पाइयो। अवलोकन कममा वार्षिक कार्ययोजना, मासिक कार्ययोजना, विद्यालय सुधार योजना (SIP) र स्रोत केन्द्र सुधार योजना (RCIP) तथा कार्ययोजना अनुसार कार्य प्रगति भए नभएको अनुगमन गर्ने र त्यसको अभिलेख दुरुस्त राख्ने गरेको पाइएन। समूह छलफलको कम्रमा कार्य प्रगति कति भयो रु कसरी भइरहेको छ रु भन्ने कुरा थाहा हुन सक्ने अवस्था नभएको र गाउँ शिक्षा योजना निर्माणमा सहभागिता नरहेको पाइयो। स्रोत व्यक्ति व्यवस्थापन निर्देशिकाले आफ्नो क्षेत्र भित्रका सबै विद्यालय, सार्वजनिक अध्ययन केन्द्रको सहभागितामा वार्षिक कार्ययोजना, मासिक कार्ययोजना, विद्यालयसुधार योजना (SIP) र स्रोत केन्द्र सुधार योजना (RCIP) र गाउँ शिक्षा योजना (VEP) निमार्णमा स्रोत व्यक्तिले सक्रिय भूमिका निर्वाह गर्नु पर्छ भनि तोकेको छ (शिक्षा मन्त्रालय, २०६८)।

(ख) *तथ्याङ्क संकलन तथा अभिलेख व्यबस्थापन :* विद्यालयहरुसंग Flash I, II भराइ सामुदायिक विद्यालय सम्बन्धी तथ्याङ्कको अभिलेख राखिएको, संस्थागत विद्यालयहरुले Flash I, II फाराम नै नभर्ने गरेको र त्यसको अभिलेख पनि स्रोत केन्द्रले राखेको पाइएन। अवलोकनको कममा अनौपचारिक शिक्षा व्यबस्थापन सूचना प्रणाली (NFE-MIS) व्यबस्थित पाइएन। सिकाइ उपलब्धि विषयगत, कक्षागत, शिक्षकगत तयार गरी तुलनात्मक विवरण प्रर्दशन गरिएको पाइएन। शिक्षकको कार्यसम्पादन मूल्याङ्कन अभिलेख व्यबस्थित नभएको पाइयो । कार्यलय अवलोकन गर्दा प्राप्त उपलब्धि सम्बन्धी तथ्याङ्कको तुलनात्मक विवरण तया गरी सरोकारवालाहरुले देख्ने गरी प्रर्दशनको व्यबस्था गरिएको पाइएन। स्रोत केन्द्रले सेवाक्षेत्र भित्रका विद्यालयहरुलाई Flash I, II लगायत तोकिएको फाराम भर्न लगाइ तथ्याङ्क संकलन,सत्यापन तथा विश्लेषण, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन लगायतका अभिलेख राख्ने दायित्व स्रोत व्यक्तिको हो (शिक्षा मन्त्रालय, २०६८)।

(ग) *पाठ्यकम, पाठ्यपुस्तक, छात्रवृत्ति तथा अनुदान :* पाठ्यपुस्तकको लागि उपलब्ध अनुदान रकम, पाठ्यपुस्तक, सन्दर्भ सामग्री सम्बन्धी अभिलेख राख्ने गरेको पाइयो। प्र. अ. तथा शिक्षकहरु सँगको छलफलमा स्थानीय पाठ्यकमको विकास

र कार्यान्वयनमा सहजिकरण हुन नसकेको, पुराना पुस्तकहरुको अभिलेख व्यबस्थित नराखिएको बताए। छात्रवृत्ति छनोट र वितरणको अभिलेख राखिएको, विद्यालयलाई उपलब्ध अनुदानको उपयोग सम्बन्धि अनुगमन अभिलेख पाइएन। विद्यालयले अनुदानको रकम सदुपयोग गरे नगरेको अनुगमन गरी त्यसको अभिलेख, छात्रवृत्ति तथा पुस्तक सम्बन्धी अभिलेख व्यबस्थित राख्ने, स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनमा सहजिकरण गर्ने कार्य स्रोत केन्द्रले गनु पर्छ ( शिक्षा मन्त्रालय, २०४९)।

(घ) *शिक्षण तथा सुपरिवेक्षण :* विद्यालयहरुको सहभागितामा शैक्षिक क्यालेण्डर निर्माण गरी त्यसको कार्यान्वयन भए नभएको अनुगमन गरी स्रोत केन्द्रको बैठकमा समीक्षा गराउने कार्य गरिएको, वार्षिक कार्य योजना अनुसार अतिरिक्त कियाकलाप सञ्चालन गरी प्रतिवेदन पेश गरेको पाइयो। सरोकारवालाहरु सँगका अन्तरवार्ता कममा महिनाको कम्तिमा दश विद्यालयको निरीक्षण भए पनि नियमित नभएको, निरीक्षण गरिएका विद्यालयमा दुईवटा नमूना पाठ प्रर्दशन नभएको र शिक्षकहरुसँग अन्तरकिया कार्यकम भएको पाइयो। संस्थागत विद्यालयको सुपरिवेक्षण हुन सकेको पाइएन। विद्यालयको सुपरिवेक्षण गर्ने, नमूना पाठ प्रर्दशन, वार्षिक कार्य योजना अनुसार अतिरिक्त कियाकलाप सञ्चालन गरी प्रतिवेदन पेश गर्ने दायित्व स्रोत केन्द्रको हो ( शिक्षा मन्त्रालय, २०६९)।

(ङ) *पेशागत विकास र तालिम :* स्रोत केन्द्रले शिक्षकको पेशागत विकास (Teacher Professional Deployment-TPD) तालिम, सरोकारवालाहरुको क्षमता अभिवृद्धि तालिम, सचेतिकरण, अभिमुखिकरण, बैठक, गोष्ठी, अन्तरकिया सञ्चालन गरिएको सरोकारहरुले छलफलको कममा बताए । तालिम पश्चात् प्राप्त सिपको प्रयोग भए नभएको अनुगमन गर्ने र आवश्यक सहयोग तथा पृष्ठपोषण दिने कार्य भएको पाइएन। शिक्षकको पेशागत विकास (Teacher Professional Deployment-TPD) तालिम, सरोकारवालाहरुको क्षमता अभिवृद्धि तालिम, सचेतिकरण, अभिमुखिकरण, बैठक, गोष्ठी, अन्तरकिया सञ्चालन गर्ने काम र कर्तव्य स्रोत व्यक्तिको हो ( शिक्षा मन्त्रालय, २०६८)।

(च) *परीक्षा तथा मूल्याङ्कन :* प्रश्नावली तथा अन्तरवार्ताको कममा कक्षा तीन र पाँचको सिकाइ उपलब्धि परीक्षणको लागि स्रोत केन्द्र भित्रका सबै विद्यालयहरुको प्रतिनिधित्व गराइ विशिष्टीकरण तालिका निर्माण, सोको आधारमा प्रश्नपत्र तयारी, उत्तर कुञ्जिका निर्माण सम्बन्धी तालिम, उत्तरपुस्तिका परीक्षण, सम्परीक्षण तालिम सञ्चालन गरेको पाइयो। निरन्तर मूल्याङ्कन (ऋब्ब) व्यबस्थालाई पूर्णरुपमा कार्यान्वयन ल्याउन सकिएको पाइएन। स्रोत केन्द्र भित्रका सबै परीक्षाको व्यबथापनमा सहयोग गर्ने, शैक्षिक सत्र शुरुभएको एक महिना भित्र कक्षा एक देखि दश सम्मको परीक्षाफलको नतिजा विश्लेषण गर्ने काम स्रोत व्यक्तिको हो ( शिक्षा मन्त्रालय, २०६८)।

(छ) *अनुसन्धान तथा प्रवर्तनात्मक (Inovative) कार्य :* प्राविधिक तथा प्राज्ञिक कार्यालयको रुपमा स्रोत केन्द्रले कुनै अनुसन्धान तथा नवप्रवर्तनात्मक कार्य गर्न सकेको पाइएन। स्रोत व्यक्तिले कार्य बोझबढी भएकाले आवश्यकताअनुसार अनुसन्धानात्मक, रचनात्मक तथा सुधारनात्मक कार्य गर्न नसकिएको बताए। शैक्षिक सुधार तथा उन्नयनको लागि अनुसन्धान तथा नवप्रवर्तनात्मक कार्य गर्ने गराउने दायित्व स्रोत व्यक्तिको हो ( शिक्षा मन्त्रालय, २०६८)।

## निष्कर्ष

स्रोत केन्द्र एक शैक्षिक निकायको रुपमा स्थानीय स्तरमा कार्यरत संस्था हो। स्थानीय निकायहरुसँग समन्वय गरी शैक्षिक गुणस्तर बृद्धि गर्न यसको महत्वपूर्ण भूमिका रहन्छ। त्यसैले स्थानीय स्तरमा शैक्षिक योजना निर्माण गराइ कार्यान्वयन भए नभएको अनुगमन गर्ने दायित्व स्रोत केन्द्रलाई दिइएको छ तर अनुगमनको अभिलेख राख्न सकिएको छैन। अनुगमन पश्चात त्यसको समिक्षा गरि अभिलेख राख्नु पर्छ। संस्थागत विद्यालयहरुको तथ्याङ्क स्रोत केन्द्रसँग छैन। सामूदायिक विद्यालयको मात्र अनुगमन, सुपरिवेक्षण तथा तथ्याङ्कको अभिलेख व्यबस्थित गर्ने होइन संस्थागत विद्यालयहरुको पनि गर्नु पर्छ। कार्यबोझ बढी भएकाले अनुगमन तथा सुपरिवेक्षण कार्य प्रभावकारी बन्न सकेको छैन। आधुनिक प्रविधिको प्रयोगमा जोडदिइ आवश्यक साधन, स्रोत, सुबिधा उपलब्ध गराउनु पर्छ। स्रोत केन्द्र प्रशासनिक कार्यमा मात्र नअल्झि अनुसन्धान तथा नवप्रवर्तनात्मक कार्य संलग्न रहनु पर्छ। प्राविधिक तथा प्राज्ञिक निकायको रुपमा रहनु पर्छ।

## सन्दर्भ सामग्रीहरू

ढकाल, माधव प्रसाद र कोइराला मातृका प्रसाद (२०७१). शिक्षाका आधारहरु, काठमाडौं : रत्न पुस्तक भण्डार।

नेपाल सरकार (२०६३). *नेपालको अन्तरिम संविधान, २०६३,* काठमाडौं : कानून किताब विकास समिति।

मल्ल, कोमल बदन, श्रेष्ठ, तारामान, भोमी, अरविन्द लाल, श्रेष्ठ, प्रकाश मान र शाक्य, सिद्धिरत्न (२०५४). *नेपालमा प्राथमिक शिक्षा,* काठमाडौं : शिक्षाशास्त्र संकाय, डीनको कार्यालय।

शिक्षा मन्त्रालय (२०४९). *स्रोत केन्द्र सञ्चालन सम्बन्धी हातेपुस्तिका, २०४९,* काठमाडौं : लेखक।

शिक्षा मन्त्रालय (२०६८). स्रोत व्यक्ति व्यवस्थापन निर्देशिका, २०६८, काठमाडौं : लेखक।

शिक्षा मन्त्रालय (२०६९). *शैक्षिक सूचना, २०६९,* काठमाडौं : लेखक।

शिक्षा मन्त्रालय (२०७२). *विद्यालय क्षेत्र विकास कार्यक्रम (२०१६ (२०२२),* काठमाण्डौं :

लेखक।

CERIDE. (2004). *Re-cconceptualizating resource centre model in the context of decentralization and education for all framework of action*. Kathmandu, Author.

Khaniya, T.R. (2007). *New horizons in education in Nepal*. Kathmandu, Kishor Khaniya.

Santona Memorial Academy. (2011). *Role of resource centre for improving quality education in school*. A report submitted to Department of Education. Sanothimi Bhaktapur.